"हरियो खेत खुशी किसान, नगराईन नगरपालिकाको पहिचान"

# नगराईन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### नगराईन, धनुषा

### मधेश प्रदेश, नेपाल




## आ. व. २०८१/२०८२

## बाह्रौं नगर सभाको बार्षिक नीति तथा कार्यक्रम

मिति २०८१/०३/१० गते

## आदरणीय नगर सभा सदस्य ज्यू,

नगराईन नगरपालिकाको नगर सभा सदस्य ज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सुरक्षाकर्मीहरु, पत्रकारकर्मीहरु, सामाजिक अगुवा ज्यूहरु, बौद्धिक व्यक्तित्व ज्युहरु, कर्मचारीहरु लगायत  सम्पूर्ण महानुभाव ज्युहरुमा नगराईन नगरपालिकाको आमन्त्रणा स्वीकार गरि उपस्थित हुनु भएकोमा सम्पूर्ण महानुभाव ज्युहरुमा हृदय देखि आभार व्यक्त गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु । यस अवसरमा नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना विभिन्न काल खण्ड र चरणहरुमा गर्दै आएको जन आन्दोलनमा सहादत प्राप्त गर्नु हुने वीर सहिदहरु प्रति हार्दिक श्राद्धान्जली अर्पण  गर्दछु ।

नेपालको संविधान लागु भएपछि नेपाल संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक राज्यमा रुपान्तरित भएको छ । संघीय शासन प्रणाली शासकीय अधिकारको प्रयोग राज्यका बहु सरकार बीच विनियोजन गरि शासकीय क्रियाकलापमा बढी भन्दा बढी जनतालाई संलग्न गराउने राजनीतिक प्रक्रिया हो । अधिकारको भिन्न तहमा भएको बाँडफाँडले संघ, प्रदेश र स्थानीय तहको अन्तर सम्बन्ध सहकारिता, सह अस्तित्वमा र समन्वयको सिद्धान्तमा हातेमालो गर्दै अघि बढ्न अभिप्रेरित गरेको छ ।

नेपाल संविधानको अनुसूची ८ ले स्थानीय तहको एकल अधिकार र अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार तोकेको छ । यी अधिकारका सूचीहरु नै स्थानीय जनआवश्यकता लाई सम्बोधनका लागि मूल आधारशीला हुन । स्थानीय तह जनताको निकटतम विन्दुमा रहेको सरकार हो । संविधान र अन्य कानूनको अधिनमा रही शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र संचालन गर्ने अभिभारा स्थानीय तहको हुने व्यवस्था छ । जनताको निकटतम दुरीमा रहेको कारणले स्थानीय समस्याको वास्तविक अनुभूति गर्न, उत्तरदायित्व वहन गर्न स्थानीय आवाजको शिघ्र सम्बोधन गर्न व्यापक र अर्थपूर्ण जनसहभागितालाई जोड दिन आवश्यक छ । नगरले अवलम्वन गरेका महत्वपूर्ण नीतिहरुलाई कार्यान्वयन गर्दै नारीको बढ्दो अपेक्षा र देशले भोगी रहेको आर्थिक मन्दी बीच सामन्जस्यता कायम गर्न अहिलेको मुख्य चुनौती रहेको छ ।

आर्थिक वर्ष २०८१/०८२ को लागि संघीय सरकार, मधेश प्रदेश सरकारबाट विभिन्न किसिमको अनुदान र राजस्व बाँडफाँड तथा स्थानीय श्रोत समेतको आधारमा रु. ६३,६३,३१,०२१/- (अक्षरेपी तिरसठ करोड तिरसठ लाख एकतिस हजार एकाइस मात्र) बजेट रहेको सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु । आर्थिक वर्ष २०८१/०८२ को लागि तयार गरिएको नीति कार्यक्रम तथा बजेटले केहि हदसम्म नगरको भौतिक, सामाजिक, आर्थिक, वातावरणीय पूर्वाधार निर्माणमा समेत टेवा पुर्याई नगर बासीको अनुहारमा खुशी थप्ने विश्वास लिएको छु ।

अन्त्यमा, आर्थिक वर्ष २०८१/०८२ को नीति कार्यक्रम तथा बजेट वक्तव्यमा मार्गदर्शन गर्नु हुने उप प्रमुख ज्यू, वडा अध्यक्ष ज्यूहरु, सदस्य ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, विषयगत समिति तथा शाखाहरु, कर्मचारी साथीहरु, विभिन्न संघ संस्थाहरु र निजी क्षेत्रप्रति आभार र धन्यवाद व्यक्त गर्दै कार्यान्वयनको क्रममा सल्लाह, सुझाव, सहजीकरण, समन्वय र सहकार्यको पूर्ण अपेक्षा गर्दै आर्थिक वर्ष २०८१/०८२ को नीति कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## आर्थिक वर्ष २०८१/०८२ को लागि नगराईन नगरपालिकाले अवलम्वन गर्ने प्रमुख नीतिहरु

१. हरियो खेत खुशी किसान, नगराईन नगरपालिकाको पहिचान मूल नारालाई आत्मसात गर्दै कृषि क्षेत्रलाई प्रविधिमैत्री र समयानुकुल नगरवासीको हित हुने गरी कृषि कार्यलाई प्राथिमिकता दिने नीति दिगो रुपमा लिईनेछ ।

२. दिगो विकासका लक्ष्यहरु प्राप्त हुने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नुका साथै क्षेत्रगत तथा विषयगत कार्यक्रम बीच समन्वय कायम गरिनेछ ।

३. संघ र प्रदेशबाट विनियोजन हुने योजनाहरुमा दोहोरो नपर्ने गरि विकास निर्माणका कार्यहरुलाई सहभागितामुलक, गुणस्तरीय, कम खर्चिलो, वातावरण मैत्री हुने गरि योजना तथा कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

४. गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्य सुविधा प्राप्तिको सुनिश्चितताका लागि कार्यक्रम तय गरिनेछ ।

५. विपन्न नागरिक, लक्षित वर्ग पहिचान गरि रोजगार मुलक व्यवसायिक सीप प्रदान गर्ने, उद्यमशिलता प्रवर्द्धन जस्ता कार्यक्रम संचालनको नीति लिइनेछ ।

६. लैंगिक समानता एवं सामाजिक समावेशीकरणका  नीति र सिद्धान्त अनुरुप कार्यक्रम संचालन गरिनेछ ।

७. व्यवसायिक कृषि उत्पादन र पर्यटन विकासलाई विशेष प्राथमिकता दिई योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

८. स्थानीय उत्पादन एवं घरेलु तथा साना/लघु उद्यमीलाई प्रोत्साहन गरि स्थानीय श्रोत साधन र सीपको उपयोग हुने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

९. नगर स्तरीय रुपान्तरणकारी गौरवका आयोजनाहरुलाई समय सिमा भित्र सम्पन्न गरिनेछ ।

१०. पूर्वाधार विकासलाई दिगो, नतिजामुखी, परिणाममुखी, जनमुखी, योजनावद्ध, वातावरण मैत्री तथा गुणस्तरीय बनाइनेछ ।

११. राजस्व प्राप्तिका लागि थप क्षेत्रहरुको पहिचान गर्नुका साथै राजस्व प्रशासनलाई थप सुदृढ बनाइनेछ ।

१२. नगरपालिकाबाट उपलब्ध हुने सेवालाई सेवाग्राहिले नगरपालिकालाई तिर्नु पर्ने र बुझाउनु पर्ने करसँग आवद्ध गर्ने नीति अवलम्वन गरिनेछ ।

१३. प्राकृतिक प्रकोपबाट हुने क्षति न्यूनीकरण, पुर्व तयारी तथा उत्थानशील विकासमा ध्यान दिई समुदायलाई समेत उत्तरदायी बनाई विपद व्यवस्थापन गरिनेछ ।

१४. प्रत्येक वडामा गौरवका आयोजना पहिचान गर्न पूर्व सम्भाव्यता अध्ययन गरिनेछ ।

१५. नगराईन नगरपालिकालाई नमूना शैक्षिक हबको रुपमा विकास गर्न आधुनिक प्रविधि , नवीनतम शैक्षिक आयामहरुको उपयोग गर्ने नीति लिइनेछ ।

# नगर विकासका क्षेत्रहरु

## भौतिक पूर्वाधार नीति

### " सुदृढ भौतिक पूर्वधार , समृद्ध नगरको अधार "

- नगर स्तरीय गौरवका आयोजनाहरु, ऐतिहासिक महत्वका स्मारक, धार्मिक स्थल, जलाधार संरक्षण लगायतका आयोजनाहरुको सम्भाव्यता अध्ययन एवं प्राथमिकीकरण गरि संचालन गरिनेछ ।
- नगराईन नगरपालिकाको आवधिक योजना र नगर स्तरीय गुरु योजना अनुसार सम्पूर्ण भौतिक पूर्वधार निर्माण तथा सडक संजालका कार्यहरु क्रमश: संचालन गर्दै लगिनेछ ।
- नगरपालिकाको प्रशासकीय भवनको निर्माण कार्य लाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।
- नगरक्षेत्र भित्र संचालन हुने सम्पूर्ण भौतिक कार्यक्रम तथा योजनाहरुको तयार भएका डी.पी. आर. लाई वर्गीकृत गरी स्थानीय , प्रदेश तथा संघीय सरकार मार्फत कार्यान्वयन गर्दै लगिनेछ ।
- संघ तथा प्रदेश सरकारको कार्यक्रममा समावेश भएका सम्भाव्ता अध्ययनको कार्यलाई यस क्षेत्रको सम्भावना सँग जोडी निजी क्षेत्र सँगको सहकार्यमा (PPP) कार्यान्वयनका लागि पहल गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माण कार्य योजनाहरु बालमैत्री , वातावरणमैत्री , अपांगमैत्री र विपत व्यवस्थापन पक्ष लाई ध्यानमा राखी संचालन गरिनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र रहेको भौतिक र अन्य संरचनाहरुको मर्मत सम्भार कार्य  मर्मत सम्भार कोष मार्फत  कार्यान्वयन गरिनेछ  ।
- पूर्वाधार निर्माणलाई अल्पकालीन , मध्यकालीन र दीर्घकालीन योजना बनाई कार्यान्वयनमा लगिनेछ ।

- नगरपालिकाले उपभोक्ता समिति मार्फत संचालन गर्ने योजनाहरु दर्ता वाला उपभोक्ता समिति वा टोल सुधार समिति बाट संचालन गर्न आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- भू-उपयोग नीति अनुरुप व्यवस्थित तथा योजनाबद्ध बस्ती विकास कार्यलाई व्यवस्थापन गरिनेछ ।

## सडक तथा यातायात नीति

### " यातायात सुविधा , नगर वासीको दिनचर्यामा सहजता "

- नगराईन नगरपालिकाको ९ वटै वडा कार्यालय देखि नगर कार्यपालिकाको कार्यालय सम्म जोड्ने सडक संजाललाई उच्च प्राथिमिकतामा राखी निर्माण कार्य अगाडी बढाइने छ ।
- निर्माणको कार्यान्वयनको क्रममा निर्माण तालिका(Calendar of Operation) बनाई कार्यान्वयनमा ल्याइने र सो आधारमा भौतिक प्रगतिको अनुगमन गरिनेछ ।
- सडक सौन्दर्यीकरण कार्यलाई प्राथमिकता दिइनेछ ।
- सडकमा निर्वाध रुपमा आवत जावत गर्न अवरोध सृजना गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- सबै वडाका मुख्य सडकलाई कालोपत्रे गर्ने नीति अवलम्वन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र सडक निर्माण गर्दा स्थानीय स्तरमा उत्पादनको पकेट क्षेत्र र पर्यटन प्रवर्द्धन लगायतलाई आधारभुत रुपमा लिइनेछ ।
- सार्वजनिक यातायात प्रणालीलाई सुदृढ र व्यवस्थित बनाउन स्थानीय तह सँग समन्वय, सहकार्य र साझेदारी गरि एकिकृत सार्वजनिक यातायात योजना कार्यान्वयनका लागी पहल गरिनेछ ।
- स्थानीय व्यवसायहरुसँगको साझेदारीमा विद्युतीय सवारी साधन संचालनका लागि पहल गरिनेछ ।

## खानेपानी तथा सरसफाई नीति

## " जलश्रोत संरक्षण अभियान , मानव जीवनको पहिचान "

- खानेपानीको संरक्षण, संवर्द्धनका लागि दिगो संरचना निर्माण तथा उपयोगका लागि परिचालन गरिने नीति अवलम्वन गरिनेछ ।
- जलका श्रोत र वहावका क्षेत्रको ५० मिटर आस पासमा रसायनिक मल , विषादी तथा कुनै पनि किसिमको प्रदुषण गर्ने कार्यलाई निरुत्साहित गर्ने कार्यको थालनी गरिनेछ ।
- " एक घर एक खानेपानी " को अवधारणा वमोजिम खानेपानीका आयोजनाहरुको संचालन नगराईन नगरपालिकाको खानेपानी (चापाकल) सेवा संचालन कार्यविधि, २०८१ को विधि प्रक्रिया बमोजिम संचालन र व्यवस्थापन गरिनेछ ।
- खानेपानीको स्थानीय मुहान संरक्षण तथा मुहान आसपास पानी प्रदायक बनस्पति रोप्न कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ ।
- वडाहरुमा खानेपानी गुणस्तर परीक्षण गर्नका लागी सहयोगी , सरोकारवालाहरु सँग समन्वय र सहकार्यमा परीक्षण कार्यको सुरुवात गरिनेछ ।
- स्वच्छ खानेपानी ह्याण्डपाइप जडान तथा वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

## विद्युत तथा बैकल्पिक उर्जा नीति

- नगरबासीलाई बैकल्पिक उर्जा प्रयोगका लागि प्रोत्साहन गरिने नीति अवलम्वन गरिनेछ ।
- विपन्न परिवारलाई विद्युतीय चुल्हो उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- सम्भावना, पहिचान र सरोकारवलाहरुको सहभागिता तथा समन्वयमा बैकल्पिक उर्जा प्रयोग गरिने नीति अवलम्वन गरिनेछ ।
- सार्वजनिक महत्वका स्थान , भवन, वजार क्षेत्र , कालोपत्रे सडक क्षेत्रमा सडक वती जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- नेपाल विधुत प्राधिकरणको समन्वय र सहकार्यमा अव्यवस्थित रहेका विधुत पोलहरुलाई व्यवस्थित रुपमा स्थानान्तरण गरी व्यवस्थापन गरिनेछ।

## भवन तथा वस्ती विकास नीति

## " भवन निर्माण , व्यवस्थित नगर हाम्रो अभियान "

- घर/भवनको स्वीकृत मापदण्ड अनुरुप सोकपिट सहितको शिल गरिएको सेफ्टी ट्यांकी अनिवार्य रुपमा निर्माण गरिने नीति कडाईका साथ लागु गरिनेछ।
- नक्सापास प्रक्रियालाई पारदर्शी वैज्ञानिक र आधुनिक प्रविधिमैत्री बनाउन कम्प्युटर नेटवर्क प्रणालीमा आधारित नक्सापास प्रक्रिया EBPS लागु गर्ने नीति अवलम्वन गरिनेछ।
- नगरपालिका क्षेत्र भित्र निर्माण हुने निजी , सामुदायिक लगायत सबै किसमका भवन निर्माणका लागि भवन निर्माण अचारसंहिताको पूर्ण पालना गर्ने नीति अवलम्वन गरिनेछ।
- भू-उपयोग योजनामा आधारित व्यवस्थित एवं योजनाबद्ध बस्ती विकासका लागि आवश्यक नीति अवलम्वन गरिनेछ।
- घर/भवनको अभिलेखीकरण नीति कडाईका साथ लागु गरिनेछ।

## संस्कृति तथा पर्यटन प्रवर्धन नीति

## " अतिथिको सत्कार, नगराईन नगरपालिकाको संस्कार"

- नगराईन नगरपालिकाको सम्पतिको रुपमा रहेका भाषा , कला, धर्म र संस्कृतिको संरक्षण र सम्वर्धन गर्दै पर्यटन प्रवर्धन गर्ने नीति अवलम्वन गरिनेछ।
- पैदल मार्ग तथा साइकल चलाउने योग्य हरित सडकको निर्माण गरिने सम्भाव्यता अध्ययन गरिनेछ।
- गुणस्तरीय पर्यटन अभियास नीति अवलम्वन गरिनेछ।

- सार्वजनिक महत्वका स्थानहरु ऐतिहासिक मठमन्दिर तथा अन्य धार्मिक सांस्कृतिक धरोहरलाई व्यवस्थित एवं संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- होटलहरु लाई नियमन तथा अनुगमनलाई प्रभावकारी वनाइनेछ ।
- नगराईन नगरपालिकाको ९ वटै वडालाई समेटने गरी सम्भाव्ता अध्ययन गराइ धार्मिक र पर्यटकीय पदमार्ग निर्माण कार्यको नीति अवलम्वन गरिनेछ ।

## कृषि तथा पशुपंक्षी विकास नीति

**“ व्यवसायी कृषि उत्पादन र बजारीकरण नगराईन नगरपालिकाको पहिचान “**

- स्थानीय कृषि उत्पादनको प्रवर्धनका लागी आवश्यक कृषि सामग्रीको उचित व्यवस्थापन गरिनेछ ।
- रैथान बाली /तरकारी /फलफुल एवं विउविजनको संरक्षण र सम्वर्धन र प्रयोग गरी उत्पादकत्व वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।
- कृषकहरुलाई कृषि औजार तथा प्रविधिमा अनुदान मार्फत प्रोत्साहन गरिनेछ ।
- भू-उपयोग वर्गीकरणबाट कृषि योग्य जग्गा एकिन भएका क्षेत्रमा उत्पादकत्व वृद्धिका लागि आवश्यक परामर्श सहित कृषि समाग्रीको उचित व्यवस्थापन गरिनेछ ।
- फलफुल नर्सरी स्थापना , विउ विजनको उत्पादन तथा उत्पादित विउ विजनको विक्री वितरण गर्ने कार्यको थालनी गरिनेछ ।
- विउ विजनको संरक्षण , प्रवर्द्धन र प्रयोग गरी उत्पादकत्व वृद्धि गर्न प्रोत्साहन गरिनेछ साथै उत्पादित कृषि वस्तुको प्रदर्शन गर्ने व्यवस्था मिलाइनेछ ।
- कृषि विज्ञ मार्फत सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई कृषि उत्पादन , प्रविधिको प्रयोग तथा कृषि सम्बन्धी विविध जानकारी प्रदान गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकाको मुख्य मुख्य सडक किनारामा फुल तथा बोटविरुवा रोप्न प्रोत्साहन गरिने नीति अवलम्वन गरिनेछ ।

- कृषि सम्बन्धी विमा र कर्जा सहजीकरणका लागि आवश्यक पहल गरिनेछ ।
- कृषकहरुलाई समुह वा सहकार्यमा आवध गरी स्थानीय , प्रदेश तथा संघीय सरकारको सहयोगमा कार्यक्रमहरु संचालन गरिनेछ ।
- “ एक घर एक करेशावारी , पकेट क्षेत्रमा व्यवसायिक तरकारी “ नारा सहित तरकारी पकेट क्षेत्रमा उत्पादन वृद्धिका लागि सहुलियत कार्यक्रम संचालन गरिनेछ ।
- “कृषिमा प्रोत्साहन , साझेदारीमा अनुदान “ भन्ने मूलनाराका साथ कृषकहरुलाई कृषि औजार तथा प्रविधिमा अनुदान मार्फत प्रोत्साहन गरिनेछ ।
- कृषि उपज केन्द्रको पूर्वाधार निर्माण , माटो परीक्षण केन्द्रको स्थापना तथा कृषिजन्य समाग्रीको सुपथ मुल्य पसल स्थापना गर्ने कार्यको प्रारम्भ गरिनेछ ।
- स्मार्ट कृषि नगर कार्यक्रम अन्तर्गत किसान क्रेडिट कार्ड वितरण कार्य गरिनेछ ।
- व्यवसायी तथा वेमौसमी फलफुल तथा तरकारी खेतीका लागि टमेल खेति विस्तार गर्न प्रोत्साहन गरिनेछ ।
- कृषि उपजको भण्डारण तथा बजारिकरणको लागि संघ , प्रदेश र यस नगरपालिकाको सहकार्यमा आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- सित भण्डारको व्यवस्थापन गरिनेछ ।
- प्रभावकारी बजार अनुगमन गरी नगरका पशुजन्य पदार्थ विक्री गर्ने पसलहरुमा गुणस्तर कायम गर्न पहल गरिनेछ ।
- नगर स्तरमा पशुपंक्षी तथ्यांक सुचना प्रणालीको विकास गरी नगरपालिका क्षेत्र भित्रका पशुपंक्षी तथा पशुपंक्षी जन्य उत्पादनको लागत अद्यावधिक कार्य गरिनेछ ।
- पशुपंक्षीको प्राथमिक उपचार परिजिवी नियन्त्रण र आकस्मिक उपचार सेवा प्रदान गरी पशुहरुमा लाग्ने महामारी विरुद्ध निशुल्क खोप कार्यलाई निरन्तरता दिइनेछ ।

- हरियो घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्ने नीति अवलम्वन गरिनेछ।
- पशुपालनमा हुने जोखिम न्यूनीकरण गर्न पशु विमालाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- दुध उत्पादन गर्ने कृषकहरुलाई दुध उत्पादन वृद्धिमा सहयोग गर्न घाँसे बाली लगाउन प्रोत्साहन गरी क्रमश: दुधमा अनुदान दिने नीति लिइनेछ।
- धान दिवसलाई निरन्तरता दिईनेछ।

## सहकारी, गरिवी न्यूनीकरण तथा उधमशिलताको विकास नीति

## " समृद्धिका लागि सहकारी अभियान "

- सहकारी संस्थाहरुको अनुगमन , निरीक्षण र नियमन गर्ने कार्यलाई प्रभावकारी वनाइनेछ।
- नगरपालिका भित्र रहेका सहकारीहरुको प्रवर्द्धन, व्यवस्थापन र क्षमता अभिवृद्धि गर्ने नीति लिनेछ।
- उद्यम गर्न चाहने सहकारी संस्थाहरुलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने नीति लिईनेछ।
- सहकारी संस्थाहरुलाई एकिकृत सहकारी व्यवस्थापन सुचना प्रणालीमा आवध गरिनेछ।
- गैरसरकारी संस्था सँगको सहकार्यमा निर्यात प्रवर्द्धन केन्द्रको रुपमा घरेलु हस्तकलालाई विकास गरी मेड इन नगराईन नगरपालिका अभियान संचालन गरिनेछ।
- गरिवी निवारणका लागि लघु उद्यम विकास र शिप विकास कार्यक्रमहरु साझेदारी , सहकार्य र समन्वयमा संचलन गरिनेछ।
- सीप विकास तालिम लिएका , वैदेशिक रोजगारबाट फर्किएका र बेरोजगार वसेका युवाहरुको लागि उद्यमी कार्यक्रम संचालन गरिनेछ।
- नगर – प्रमुख उद्यमशीलता तथा उप-प्रमुख सँग उद्यमशीलता कार्यक्रम संचालन गरिनेछ।

## उद्योग वाणिज्य तथा बजार व्यवस्थापन नीति

- नगर क्षेत्रभित्र रहेका सवै उद्योग तथा व्यवसायहरुको दर्ता अभियान कडाईका साथ लागु गरिनेछ।
- नगर क्षेत्रमा उपभोक्ताले प्राप्त गर्ने वस्तु तथा सेवाको गुणस्तर र बजार मुल्यको नियमित अनुगमन गरिनेछ।
- घरबाटै वा अनलाइन व्यवसाय / उद्यम गर्न चाहने नगरबासीलाई वितिय संस्थाहरुको सहकार्यमा व्यवसायिक कार्य योजना वनाउन तथा सहुलियत ऋणलाई सहजीकरण गर्ने निती लिइनेछ।
- घरेलु तथा कुटीर उद्योगहरुलाई संरक्षण, संवर्द्धन र प्रोत्साहन गरिनेछ।

## शिक्षा, युवा तथा खेलकुद नीति

**" व्यवहारिक शिक्षा विकाशको लहर , ज्ञानको ज्योति जगमग नगराईन नगर "**

- " गुणस्तरीय र प्रविधिमैत्री शिक्षा नगराईन नगरपालिकाको सुनिश्चित्ता" नाराका साथ नगरपालिकाका शैक्षिक गतिविधि संचालन गरिनेछ।
- शैक्षिक सत्र २०८१ सालमा सामुदायिक विद्यालयहरुमा स्थानीय भाषा माध्यमबाट शिक्षण सिकाई प्रभावकारी रुपमा संचालन गरिनेछ।
- जनसाधारणका निमित गुणस्तरीय शिक्षामा पहुच सुनिश्चित्ता गर्दै सामुदायिक विद्यालय सुधारका विविध शैक्षिक कार्यक्रम संचालन गरिनेछ।
- शैक्षिक क्यालेण्डर निर्माण एवं एकिकृत रुपमा शैक्षिक कार्यक्रमलाई निरन्तरता गरिनेछ।
- विद्यायार्थीहरुका लागि विद्यालय स्तरमा योग शिविर संचालन गरिनेछ।
- विद्यालय अनुगमन कार्यलाई प्रभावकारी बनाउन उपचारात्मक अनुगमन कार्य गर्ने नीति अख्तियार गर्नेछ।

- विद्यार्थीहरुको जिज्ञासालाई सम्बोधन गर्न "मेयर सँग बालबालिका" कार्यक्रम संचालन गरिनेछ।
- नगराईन नगरपालिका भित्रका विद्यालयहरुको परीक्षा प्रभावकारी संचालन एवं व्यवस्थापन गरी परीक्षाको नतिजाको आधारमा विद्यालयहरुलाई पुरस्कार र दण्डको नीति अख्तियार गरिनेछ।
- सबै विद्यालयहरुमा प्रतिस्पर्धात्मक अतिरिक्त क्रियाकलाप लगायत अन्य प्रतिस्पर्धात्मक क्रियाकलापहरु गरिनेछ।
- युवा सशक्तीकरणका लागि युवा प्रतिभाको खोजी , विद्यालय स्तरमा खेलकुद मासिक कार्यक्रम , खेलाडीको क्षमता र खेलको स्तर वृद्धि गर्न मेयर सिल्ड प्रतियोगिता संचालन गरिनेछ।
- विद्यार्थी शिक्षक उत्प्रेरणा बढाउँ शिक्षक विद्यार्थी सम्मान कार्यक्रम संचालन गरिनेछ।
- विद्यालय शिक्षक शिक्षण सहायता कार्यक्रम संचालनमा ल्याइनेछ।
- शिक्षक पठन संस्कृतिको विकास गरिनेछ।
- स्थानीय ज्ञान शिप र विषय वस्तुलाई प्राथमिकतामा राखी स्थानीय पाठयक्रम अनुरुपको सन्दर्भ सामग्रीको विकास गरिनेछ।
- सामुदायिक विद्यालयहरूमा विद्यार्थी संख्या, कक्षा संख्या र विषयगत आधरमा शिक्षक पदपूर्ति तथा दरवन्दी मिलान गर्दै नगरपालिका भित्रका विद्यालयहरुमा शिक्षक व्यवस्थापन गरिनेछ।
- छात्राहरुको लागि आत्मरक्षा तालिम संचालन गरिनेछ।
- नगर युवा परिषदको गठन, संचालन, व्यवस्थापन तथा परिचालन गरिनेछ।
- सामुदायिक विद्यालयमा कम्प्युटर ल्याव, सामाजिक ल्याव तथा आईटी प्लेटफर्म स्थापना र तालिम प्रदान गर्ने नीति अवलम्वन गरिनेछ।

- नगर स्काउट प्रवर्द्धनका निमित स्काउटसँग सम्बन्धित थप कार्यक्रम संचालन गरिनेछ ।

## स्वास्थ्य नीति

### "स्वास्थ्य वीमा निशुल्क उचार, आधारभूत स्वास्थ्य जनताको अधिकार"

- आधारभूत स्वास्थ्य सुविधा प्राप्तिको सुनिश्चितताका लागि स्वास्थ्य सेवाका विविध कार्यक्रमहरु संचालन गरिनेछ ।
- गुणस्तरीय एवं न्युनतम स्वास्थ्य सेवा प्राप्त गर्न पाउने हकलाई सुनिश्चित गर्न सबै स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर मापन तथा अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- मातृत्वको सुरक्षा सहितको आमा सुरक्षा कार्यक्रमका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- आयुर्वेद औषधालयको स्तरोन्नति एवं आवश्यक सुविधाहरुको व्यवस्था गरिनेछ ।
- मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने संदेशका साथ नागरिक आरोग्य कार्यक्रमको प्रवर्द्धन र विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रमलाई परिणाममुखी बनाइनेछ ।
- स्थानीय स्तरमा पाइने जडीबुटीहरुको पहिचान, प्रयोग, संकलन र उत्पादन कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।
- स्वास्थ्य सेवा/परामर्श सेवा प्रदायक संस्थाहरुमा मनोसामाजिक/मानसिक स्वास्थ्य सम्बन्धि परामर्श सेवाको नगरबासीलाई प्रत्याभूति दिने व्यवस्था मिलाइनेछ ।
- वर्तमान अवस्थामा रहेका नसर्ने रोगबाट अकाल मृत्यु हुनबाट जोगाउन महिला स्वयसेविकाहरु स्क्रीनिंग गर्ने तथा स्वास्थ्य संस्थामा प्रेषण गर्ने कार्य संचालन गरिनेछ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति

- सडक आश्रित, बेवारिसे व्यक्तिहरुको उद्धार, उपचार, पारिवारिक पुर्नमिलन एवं पुर्नस्थापनाका लागि आवश्यक नीति अवलम्वन गरि व्यवस्थापन गरिनेछ ।
- महिलाको हक अधिकारको प्रवर्द्धनका लागि सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- लैंगिक हिँसा नियन्त्रण तथा महिला पुरुष समविकासका लागि कार्यक्रम संचालन गरिनेछ ।
- एकल महिलाहरुको सामाजिक संरक्षण, सशक्तिकरण र क्षमता विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- बालमैत्री नगरपालिकाको दिगोपनाको लागि रणनीतिक योजना र आवधिक लगानी योजना बमोजिमका कार्यक्रमलाई प्राथमिकीकरण गरी कार्यान्वयन गरिनेछ ।
- बालउद्यान पूर्वाधारलाई बालमैत्री बनाउन नीति अवलम्वन गरिनेछ ।
- जेष्ठ नागरिकको सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- जेष्ठ नागरिकमा रहेको ज्ञान, सीप, अनुभव, दक्षतालाई पुस्तान्तरणका लागि आवश्यक कार्यक्रम संचालनको व्यवस्था गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुको लागि क्षमता विकास र आर्थिक, सामाजिक, सशक्तिकरणका कार्यक्रम संचालन गरि आत्मनिर्भर बनाइनेछ ।
- पारिवारिक एवं सामुदायिक हेरचाहका लागि आवश्यक स्याहार तालिम संचालन गरिनेछ ।
- दलित, जनजाती लगायतका लक्षित वर्गको संस्कार संरक्षण तथा सम्वर्द्धनको माध्यबाट जीवन स्तरमा सुधार गर्न आवश्यक नीति अवलम्वन गरिनेछ ।

## सामुदायिक एवं गैर सरकारी संघ-संस्था परिचालन नीति

- टोल विकास संस्था, खानेपानी तथा सरसफाई उपभोक्ता समिति एवं अन्य सामदायिक संघ-संस्थाहरुको दर्ता, सूचीकरण, अभिलेखीकरण र नियमन कडाई साथ लागु गरिनेछ ।
- सामाजिक क्षेत्रलाई गतिशील बनाउन नगरपालिकाको आवश्यकता र प्राथमिकताको आधारमा संघ संस्थाहरुलाई परिचालनको नीति लिइनेछ ।

## सामाजिक सुरक्षा एवं पंजीकरण नीति

- सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानीका लागि आवश्यक सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- घटना दर्ता तथा पंजीकरणको उपयोगिता र आवश्यकता प्रयोजनका लागि सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- EFT मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी प्रणालीको नीति अवलम्वन गरिनेछ ।

## श्रम र श्रमिक नीति

- नगरबासीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक कार्यको थालनी गरिनेछ ।
- बेरोजगार व्यक्तिको लगत संकलन गरि सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई श्रमको सम्मानसहित प्राथमिकताका आधारमा सार्वजनिक विकास निर्माणका कार्य, सहकारी, निजी तथा गैरसरकारी, संघ संस्था, व्यक्ति तथा समुदायका लागि आवश्यक श्रम शक्ति उपलब्ध गराउने माध्यमको रुपमा कार्य गर्ने नीति लिइनेछ ।
- युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना र पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई निरन्तरता दिइनेछ ।

- बैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको लागि सीप र दक्षता अनुसारको रोजगारी तथा स्वरोजगारको लागि उत्प्रेरित गरिनेछ।
- पन्च वर्षीय रोजगार रणनीति र रोजगार संवाद मंचको नीति अवलम्वन गरिनेछ।

## वन, वातावरण, फोहोरमैला व्यवस्थापन र विपद व्यवस्थापन नीति

## "हरियो वन, नगरपालिकाको धन"

- नगरको सुन्दरता अभिवृद्धि गर्न र वातावरणमैत्री नगर निर्माणका लागि हरित नगराईन एवं दिगो वन तथा वातावरण व्यवस्थापन नीति लिइनेछ।
- नगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गामा वृक्षारोपनका साथै जलाधार क्षेत्रको संरक्षण गरि स्वच्छ, सफा खानेपानी व्यवस्थापनका लागि पहल गर्न जलाधार क्षेत्रलाई पर्यटकीय रुपमा विकास गर्न बहु उपयोगी क्रियाकालाप संचालन गरिनेछ।
- पूर्ण सरसफाई उन्मुख नगरपालिका निर्माणका लागि सबै सार्वजनिक संस्था, विद्यालय, सहकारी संघ संस्था लगायतका क्षेत्रहरु पूर्ण सरसफाईयुक्त बनाउनका लागि कार्यक्रम संचालन गरिनेछ।
- "हाम्रो रहर, सफा नगर" को नारा सहित फोहोरमैलालाई उचित स्थानमा व्यवस्थापन गर्न आवश्यक कार्यको थालनी गरिनेछ।
- "मेरो खल्ती, मेरो पहिलो डस्टबिन" सचेतना मुलक अभियान गर्ने नीति अवलम्वन गरिनेछ।
- नगरपालिका भित्र स्यानिटरी ल्याण्ड फिल्ड साईटको व्यवस्था गर्न उपयुक्त स्थलको पहिचान तथा प्रवन्ध गर्न विस्तृत परियोजना प्रस्ताव तयार गरिनेछ।
- नगराईन नगरपालिकालाई विपद जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील नगरपालिकाको रुपमा स्थापित गरिनेछ।

- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आपतकालीन कार्य संचालन केन्द्रको रुपमा स्थापित गरि क्षमता अभिवृद्धि गरिनेछ।
- विपद जोखिम न्यूनीकरण रणनीतिक कार्य योजना तयार गरि कार्यान्वयनमा ल्याइनेछ।

## संस्थागत क्षमता विकास तथा सार्वजनिक सेवा प्रवाह र वित्तीय व्यवस्थापन नीति

**"सुदृढ संस्थागत क्षमता , सेवा प्रवाहमा पारदर्शिता र सहजता"**

- नगरकार्यपालिकाको कार्यालय , वडा कार्यालय र विषयगत शाखा , स्वास्थ्य चौकी, विद्यालयहरुमा उपलव्ध श्रोत र साधनको नवीनतम प्रविधिको उपयोग गर्दै सेवा प्रवाह गरी प्रवाह हुने सेवाहरुलाई थप सहज, सरल, पारदर्शी र सेवामुखी बनाउदै लैजाने नीति लिइनेछ।
- नगरपालिकाको महत्वपूर्ण निर्णय , सुचनाहरु लाई नगरपालिकाको आधिकारिक वेब-साइटमार्फत सार्वजनिकीकरण गरिनेछ।
- समाजिक सुरक्षा वृति प्राप्त गर्ने लाभग्राहीहरुको अभिलेखीकरण तथा व्यक्तिगत घटना दर्ता सँग सम्बन्धित अभिलेखहरुलाई व्यवस्थित गरी लाभग्राहीहरुको मांग अनुसार सहज रुपमा उपलव्ध हुने व्यवस्था मिलाइनेछ।
- नगराईन नगरपालिका भित्रका समाजिक संघ-संस्था, समाजसेवी, करदाता, सुरक्षाकर्मी, राष्ट्र सेवक कर्मचारी , शिक्षक समेतलाई उत्कृष्ट कार्य गरेवापत सम्मान तथा पुरस्कारको व्यवस्था गरी उत्प्रेरणा जगाउने नीति कार्यान्वयन गरिनेछ।
- जनशक्तिलाई समयानुकुल सक्षम , दक्ष बनाउन क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- नगराईन नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीकताको मुल्यांकन गरी सुधार गर्दै लगिनेछ।
- विद्यमान कानुनी व्यवस्था र जनअपेक्षा समेतका आधारमा सेवा प्रवाहको थप प्रभावकारीकताको लागि आन्तरिक सुशासन व्यवस्थापनलाई क्रियाशील बनाइनेछ।

- कार्यालयमा तत्काल आवश्यक पर्ने थप जनशक्तिको व्यवस्थापन प्रचलित ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड र संघीय तथा प्रदेश सरकारको नीतिलाई आधारमानी गरिनेछ।
- कर्मचारीहरुको योग्यता, क्षमता, अनुभव र नगरपालिकाको आवश्यकताको आधारमा सेवाको निरन्तरता दिनेछ।
- कर्मचारीहरुलाई उच्च मनोवलका साथ कामगर्न सक्ने वातावरणको सृजना गरिनेछ।
- आर्थिक पारदर्शीता र वित्तीय अनुशासनलाई कडाइका साथ पालन गर्दै वेरुजु फछयौटको राष्ट्रिय अभियानलाई आत्मसात गरिनेछ।
- न्यायिक समिति बाट भएको निर्णय व्यवस्थित र सुरक्षित रुपमा अभिलेख राख्ने तथा न्यायिक अभिलेख व्यवस्थापनमा नवीनतम सुचना प्रविधिको प्रयोग गर्दै लगिनेछ।
- “ कर बाध्यताले होइन नगर विकासका लागी हो“ भन्ने आम करदातालाई महसुस हुने गरी करको दायरामा करदातालाई ल्याउन अभियान संचालन गरिनेछ।
- आ.व २०८१/०८२ देखि सम्पूर्ण वडामा कम्प्युटरकृत राजश्व आम्दानी लेखाप्रणाली द्वारा संकलन राजश्वलाई कम्प्युटर प्रणालीबाट नगरपालिकाको केन्द्रित प्रणालीमा आबद्ध गराउने कार्यलाई व्यवस्थित गर्दै लगिनेछ।
- “ गरौ मिलाप – नगरौ विलाप “ अभियान कार्यान्वयन गर्ने नगरपालिका स्तरमा मेलमिलाप केन्द्र गठन गरी मेलमिलापकर्ताका आधारभूत तालिम लिई सुचिकृत भएका स्थानीय मेलमिलाप कर्तालाई लक्षित गरी पुर्नताजगी तालिम कार्यक्रमको आयोजना गर्दै न्यायिक समितिलाई थप संस्थागत गरिनेछ।
- राज्श्वछली तथा चुहावट नियन्त्रणका लागि अनुगमन तथा निरीक्षण कार्यलाई प्रभावकारी बनाइनेछ।

- अन्य निकायबाट अनुमति लिई लामो समय देखि संचालनमा रहेका तर नगरपालिकामा दर्ता हुन नसकेका व्यवसायहरुलाई व्यवसाय दर्ता गर्न गराउन कडाइका साथ आवश्यक पहल कदमी गरिनेछ।
- गैरकर आम्दानीको पहिचान नभएका क्षेत्रहरुको खोजी गरी आन्तरिक आम्दानीलाई वृद्धि गरिनेछ।
- नगरपालिकाबाट प्रवाह गरिने सम्पूर्ण सेवाहरुलाई राजश्व सँग प्रत्यक्ष सम्वन्ध राखी कुनै पनि सेवा तथा सुविधा लाई राजश्व दाखिलाको आधारमा मात्र सेवा प्रवाह गरिने नीति कडाइका साथ लागु गरिनेछ।
- अनलाइन पोर्टलको माध्यम बाट अनलाइन राजश्व तथा कर तिर्ने कार्यको थालनी गरिनेछ।
- नेपालको संविधानको अनुसूची ८ अन्तर्गतका स्थानीयतहको अधिकार सुची भित्रका करका दरहरुलाई यथावत राखी करको दायरालाई फराकिलो बनाउदै सवै करदाताहरु लाई करको दायरा भित्र ल्याउने व्यवस्था मिलाउनेछ।

## भूमि व्यवस्थापन नीति

- नगराईन नगरपालिकाको भू-उपयोग मापदण्ड आधारमा नक्सा र तथ्यांक व्यवस्थस्थित गरी भू-उपयोग वर्गीकरण योजनालाई उपयुक्त विधि, प्रक्रियाका आधारमा क्रमश कार्यान्वयन गरिनेछ।
- भूमिहिन दलित तथा अव्यवस्थित बसोबास सम्बन्धि समस्या समाधानका लागि समन्वय र सहकार्य गरिनेछ।
- मालपोत तथा भूमि सुधार कार्यालय र नापी कार्यालय सँग समन्वय गरि जग्गाको हाल साविकका लागि आवश्यक प्रबन्ध मिलाइनेछ।

## सूचना तथा संचार नीति

- नगर कार्यपालिकाको कार्यालय र नगर क्षेत्रभित्रका कार्यालयलाई फ्री-वाइफाई जोन बनाउदै लाग्नेछ ।
- नगरपालिका द्वरा सम्पादन हुने सेवा प्रवाहलाई क्रमशः अनलाईन मार्फत गर्ने व्यवस्था मिलाई सूचना प्रविधिलाई सेवा ग्राहिको पहुँच हुने गरि व्यवस्था मिलाइनेछ ।
- नगर क्षेत्रभित्र रहेका शैक्षिक संस्था, स्वास्थ्य संस्था लगायतका निकायहरुमा इन्टरनेटको पहुँचलाई निरन्तरता दिइनेछ ।
- मेट्रिक सिस्टम घर नम्बरिंग कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।
- नगर युवा समूह एवं विभिन्न स्वयंसेवक संस्था/निकायहरुको सहकार्यमा सूचना प्रविधिको उपयोगका लागि सामुदायिक प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।
- नगर क्षेत्रभित्र संचालन हुने स्थानीय संचार माध्यहरुलाई कार्यविधि बनाई संचालन, नियमनको व्यवस्था मिलाइनेछ ।

**धन्यवाद, जय नगरवासी जय नगराईन ।**

**विनय कुमार यादव**

**नगर प्रमुख**